annapurnapost.com

# अन्नपूर्ण पोस्ट

वर्ष २३, अंक ३४६ पृष्ठ १२ | काठमाडौं, मंगलबार ९ वैशाख २०८२ | वैशाख कृष्णपक्ष दशमी, नेपाल संवत् ११४५ | TUESDAY, APRIL 22, 2025 | काठमाडौं, इटहरी, बुटवल र कोहलपुरबाट एकैसाथ प्रकाशित | मूल्य : रु. १०

कभर स्टोरी

# गाउँमा सिंहदरबार, जनता सुरक्षा खोज्दै सहरतिर


## ८२,३९,५८९ ले छाडे थातथलो

नेपाल संघीय गणतान्त्रिक प्रणालीमा गएपछि देशमा आन्तरिक बसाइँसराइको परिदृश्य पनि बदलिएको छ । एकात्मक प्रणालीबाट मुलुक संघीय प्रणालीमा गयो । गाउँ-गाउँमै सिंहदरबार पुग्यो । तर, त्यो सिंहदरबारले जनतालाई गाउँमा टिकाउन सकेन । गाउँप्रतिको जनताको आकर्षण झन् घट्दै गयो । बिस्तारै आफ्नो थातथलो छाडेर जानेको संख्या बढ्न थाल्यो । १० वर्षे द्वन्द्व, शान्ति प्रक्रिया र राजनीतिक प्रणालीको पुनर्संरचनापछि ठूलो जनसंख्यामा मानिसले गाउँ छाडे । उनीहरू सुरक्षा र अवसरको खोजीमा काठमाडौं उपत्यका र अन्य सहरहरूमा स्थायी रूपले नै बसाइँ सरेको तथ्यांकले देखाउँछ ।

**सुरेन्द्र काफ्ले** | *काठमाडौं*

**– को रिपोर्ट**

समाचार पृष्ठ २




## सरकारले गठन गर्‍यो उच्चस्तरीय सुशासन आयोग



**काठमाडौं** (अन्नपूर्ण) : सरकारले उच्च स्तरीय सुशासन आयोग गठन गरेको छ। सोमबार साँझ बसेको मन्त्रिपरिषद् बैठकले प्रधानमन्त्री केपी शर्मा ओलीको नेतृत्वमा १५ सदस्यीय सुशासन आयोग गठन गरेको बैठकमा सहभागी एक मन्त्रीले जानकारी दिए।

आयोगको सदस्यमा अर्थमन्त्री विष्णु पौडेल, गृहमन्त्री रमेश लेखक, संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ता, कानुनमन्त्री अजयकुमार चौरसिया, लोकसेवा आयोगका प्रतिनिधि, नीति आयोग, योजना आयोगका प्रतिनिधि र एक जना निजी क्षेत्रका प्रतिनिधिसमेत सदस्य रहने बताइएको छ।

## शिक्षक आन्दोलनकै बीच शिक्षामन्त्रीको राजीनामा

**काठमाडौं** (अन्नपूर्ण) : शिक्षक आन्दोलनको बीचमा शिक्षा, विज्ञान प्रविधिमन्त्री विद्या भट्टराईले राजीनामा दिएकी छन्। शिक्षकका मागको विषयमा लचक रहेकी भट्टराईले सोमबार प्रधानमन्त्री केपी शर्मा ओली समक्ष राजीनामा दिएकी छन्। उता विद्यालय शिक्षा ऐन जारी गर्न माग गर्दै २१ दिनदेखि शिक्षक आन्दोलन जारी छ।

मन्त्री भट्टराईले मन्त्रालयका अधिकारीसँग आफ्नो स्वास्थ्यको कारण देखाएर राजीनामा दिएको बताएकी छन्। तर, शिक्षक आन्दोलनलाई निश्कर्ष पुर्‍याउन आफूले गरेको प्रयास सफल नहुने देखेपछि उनले राजीनामा दिएको स्रोतले बताएको छ। उनले शिक्षकसँग सहमति गर्नका ७ बुँदे प्रस्ताव पनि तयार गरेकी थिइन्। बाल विकासका शिक्षकको तलब १७ हजार ३०० बनाउने, सामाजिक सुरक्षा कोषको नयाँ प्याकेज बनाउने, दुर्गम भत्ता उपलब्ध गराउने, ग्रेड समायोजन, मर्यादा क्रम कायम गर्ने, हाललाई निजामती अस्पतालबाट शिक्षकको उपचारमा छुटको व्यवस्था लगायतका प्रस्ताव उनले तयार पारकी थिइन्।

मन्त्रिपरिषद्को बैठकमा यो प्रस्ताव राख्ने उनको तयारी थियो तर दिउँसो प्रधानमन्त्री केपी शर्मा ओलीसँग छलफलपछि उनी राजीनामा दिने



अवस्थामा पुगेकी हुन्। शिक्षक आन्दोलनका कारण ५५ लाख विद्यार्थीको पठनपाठन ठप्प छ। भर्ना अभियान भएको छ। कक्षा १२ को परीक्षा अन्योलता छ। एसईईको उत्तरपुस्तिक जाँच हुन सकेको छैन। जसले एसईईको नतिजा समयमा नआउने सम्भावना बढेको छ। सुरुवातमा शिक्षक आन्दोलनप्रति सानुभूति राख्दै आएका आम जनतामा पनि आक्रोश बढ्न थालेको छ। सोमबारको प्रदर्शनमा अभिभावक नै आएर आन्दोलन स्थलमा नै आएर विरोध जनाएका छन्। प्रधानमन्त्री केपी शर्मा ओलीसँग शिक्षक नेताको संवाद भइसकेको छ।

» बाँकी पृष्ठ ८

## वाणिज्य बैंकहरूको साढे ४८ खर्ब कर्जामा २ खर्ब खराब

**ममता थापा** | *काठमाडौं*

आर्थिक वर्षको सुरुवातदेखि कर्जा असुली नहुँदा खराब कर्जामा बैंकहरूले दबाब खेप्दै आएका छन्। चालु आर्थिक वर्ष २०८१/८२ को तेस्रो त्रैमास (चैत)सम्ममा सञ्चालनमा रहेका २० वाणिज्य बैंकको खराब अर्थात् निस्क्रिय कर्जा (एनपीएल) औसत ४.९३ प्रतिशत पुगेको छ। जबकि यसअघिको आर्थिक वर्षको सोही अवधिमा ३.६५ प्रतिशत थियो। १ वर्षको अन्तरमा थप १.२८ प्रतिशत बिन्दुले खराब कर्जा थपिएको छ। आन्तरिक अर्थतन्त्र चाहेजस्तो चलायमान हुन नसक्दाको प्रभाव बैंकिङ क्षेत्रमा कर्जा असुलीमा देखिएको सरोकारवालाहरू बताउँछन्। यसै क्रममा नेपाल राष्ट्र बैंकका प्रवक्ता रामु पौडेल अहिलेको अवस्थामा खराब कर्जा बढ्नु स्वाभाविक भएको बताउँछन्।

तथ्यांक विश्लेषण गर्दा पनि चैतसम्ममा वाणिज्य बैंकहरूबाट मात्रै ४८ खर्ब ८० करोड रुपैयाँ हाराहारीमा कुल कर्जा प्रवाह भएको छ। यसैलाई आधार मान्दा हालसम्म भाखा नाघेको कर्जा मात्रै करिब २ खर्ब ४० अर्ब रुपैयाँ बराबर हुन आउँछ। ऋणीहरूबाट तोकिएको समयावधिमा किस्ता तथा ब्याज संकलन गर्न नसक्दा समग्रमा बैंकहरूको खराब कर्जाको आकार बढेको हो। बैंकहरूले सार्वजनिक गरेको तेस्रो त्रैमासको अपरिस्कृत वित्तीय प्रतिवेदनअनुसार कतिपय बैंकको खराब कर्जा झन्डै ७ प्रतिशत आसपासमा पुगेको छ। सबैभन्दा बढी खराब कर्जा हुनेमा हिमालयन बैंक रहेको छ।

» बाँकी पृष्ठ ८

वाणिज्य बैंकहरूको भाखा नाघेका कर्जा/सापटी

| बैंक | भाखा नाघेका कर्जा/सापटी |
|---|---|
| एभरेष्ट | ०.६७ |
| स्ट्यान्डर्ड चार्टर्ड | १.४४ |
| सानिमा | ३.४२ |
| नेपाल एसबीआई | ४.०६ |
| एनएमबी | ४.४६ |
| माछापुच्छ्रे | ४.५९ |
| राष्ट्रिय वाणिज्य | ४.६९ |
| नबिल | ४.९६ |
| ग्लोबल आईएमई | ४.९८ |
| कृषि विकास | ४.९८ |
| प्रभु | ५.०९ |
| नेपाल | ५.४५ |
| प्राइम | ५.६५ |
| सिटिजन्स | ५.७१ |
| एनआईसी एसिया | ५.७५ |
| लक्ष्मी सनराइज | ५.८६ |
| नेपाल इन्भेष्टमेन्ट | ६.०६ |
| सिद्धार्थ | ६.०६ |
| कुमारी | ६.९८ |
| हिमालयन | ७.६८ |

गुणस्तर तथा सुरक्षा हाम्रो प्रतिबद्धता !

शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड

ISO/IEC 27001:2022

Information Security Management System

मान्यताप्राप्त नेपालको पहिलो निर्जीवन बीमा कम्पनी बन्न सफल भएको छ । यो उपलब्धिले हामीले प्रदान गर्ने बीमा सेवामा अन्तर्राष्ट्रिय स्तरको गुणस्तर र सुरक्षा प्रतिबद्धता पुष्टि गरेको छ ।




Shikhar Insurance
Happysurance

Shikhar Biz Center, Thapathali, Kathmandu, Nepal | Ph: 01-5346101, 5346102
www.shikharinsurance.com | Email: info@shikharinsurance.com